# One&All को बारेमा बारम्बार सोधिने प्रश्नहरू

## Lansing क्षेत्रको लागि समावेशी उद्यमशीलता

**यो नयाँ उद्यमशीलता कार्यक्रम कसरी सुरु भयो ?**

One&All Lansing Economic Area Partnership (LEAP ल्यानसिङ आर्थिक क्षेत्र साझेदारी) द्वारा तयार गरिएको र प्रदान गरिएको एउटा पहलकदमी कार्यक्रम हो र Michigan Economic Development Corporation (MEDC मिशिगन आर्थिक विकास संस्थान) र Consumers Energy Foundation (कन्ज्यूमर्स एनर्जी फाउन्डेसन) ले यसलाई आर्थिक सहायता प्रदान गरेका छन् I LEAP एउटा गैरसरकारी गैरनाफामूलक संस्था हो I यसले Michigan का क्लिन्टन, ईटन र ईन्घम काउन्टीहरूको आर्थिक विकासका आवश्यकताहरू पूरा गर्नका लागि सेवा प्रदान गर्छ I

**One&All भनेको के हो ?**

One&All कुनै व्यवसाय सुरु गर्न वा बढाउन चाहने तर आवश्यक आर्थिक श्रोतहरू र नेटवर्क सम्बन्धहरू नभएका व्यक्तिहरूका लागि एउटा समावेशी उद्यमशीलता कार्यक्रम हो I One&All को उदेश्य भनेको क्लिन्टन, ईटन, ईन्घम र शियावासीमा भएका मानिसहरू र Asset Limited, Income Constrained, Employed (ALICE सीमित सम्पत्ति, सीमित आय भएका कामदार) को सीमा रेखा भन्दा मुनि रहेका व्यक्तिहरूलाई सहायता प्रदान गरेर समता वृद्धि गर्नु हो I

One&All ले सहभागीहरूलाई व्यापारसम्बन्धी प्रशिक्षण र सिकाइको 2 महिने कार्यक्रमको अद्वितीय सम्मिश्रण प्रदान गर्छ र साथै सहभागीहरूलाई व्यवसायिक सञ्जाल तथा आर्थिक सहायतासँग पनि जोड्छ I

आवेदन फारामहरू purelansing.com/oneandall मा विद्युतीय र कागजी ढाँचामा उपलब्ध छन् I One&All का कार्यक्रमहरू दुई महिनाको समयावधिको लागि सञ्चालन हुन्छन् I आवेदकहरूले आवेदन दिँदा आफ्नो तालिका अनुसार आफूलाई ठीक हुने समयावधि छनौट गर्न सक्छन् I

**One&All ले के काम गर्छ ?**

One&All को पहलकदमी कार्यक्रम व्यापारसम्बन्धी चुनौतीहरूको व्यावहारिक तथा गहन पाठ्यक्रमको साथमा दुई वर्षसम्म सञ्चालन गरिनेछ I दुई वर्षको समयमा धेरैवटा दुई महिने कार्यक्रम सञ्चालन गरिनेछ I कार्यक्रमभरि, सहभागीहरूले आफ्नो व्यवसायसम्बन्धी योजना वा व्यवसाय विकास गर्ने रणनीतिलाई अर्को स्तरमा पुर्याउन समर्पित प्रशिक्षकहरूबाट मागदर्शन तथा सहायता पाउँछन् I

आवेदकहरूले आवेदन दिँदा खेरी आफ्नो समयतालिका अनुसार कार्यक्रमको समयावधि छनौट गर्ने अवसर पाउने छन् I

कार्यक्रम सञ्चालन हुने मिति:

- अगस्त 2020 – अक्टोबर 2020
- जनवरी 2021 – मार्च 2021
- मे 2021 – जुलाई 2021
- अगस्त 2021 – अक्टोबर 2021

- जनवरी 2022 – मार्च 2022
- मे 2022 – जुलाई 2022

**कार्यक्रममा सहभागी भएका प्रत्येक व्यक्तिले कति रकम बराबरको कोष प्राप्त गर्छन् ?**

कार्यक्रममा सहभागी भएका र 2 महिने कार्यक्रम पूरा गरेका प्रत्येक व्यक्तिले $2,500 बराबरको अनुदान पाउने छन् ।

**उक्त रकम कसरी प्रयोग गर्न सकिन्छ ?**

प्रत्येक सहभागीले व्यवसाय सुरु गर्दा वा विस्तार गर्दा लाग्ने कानूनी, मार्केटिङ तथा संचार, उपकरणका आवश्यकताहरू र अन्य आवश्यकताहरू लगायतका खर्चका लागि आफ्नो स्वविवेकमा अनुदान रकम प्रयोग गर्न सक्छन् ।

**मैले अनुदान रकम प्राप्त गर्न दुई महिने कार्यक्रम पूरा गर्नु पर्छ ?**

हो, तपाईंले अनुदान रकम प्राप्त गर्न दुई महिने कार्यक्रम पूरा गर्नु पर्छ ।

**One&All मा सहभागी हुनका लागि म ल्यानसिङ क्षेत्रको बासिन्दा हुनु पर्छ ?**

हो, कार्यक्रममा सहभागी हुनका लागि ल्यानसिङ क्षेत्रको बासिन्दा हुनु पर्दछ र तपाईंको व्यवसाय पनि ल्यानसिङ क्षेत्र (क्लिंटन, ईटन, ईन्घम, वा शियावास काउन्टी) मै हुनु पर्दछ ।

**कार्यक्रमका बैठकहरू कहाँ सम्पन्न गरिनेछन् ?**

One&All का प्रशिक्षण कक्षाहरू, बैठकहरू र अरू सबै गतिविधिहरू हाम्रो ग्राहकको समुदायमा रहेको सुरक्षित वातावरणमा सम्पन्न गरिनेछ । अगस्तको पहिलो कार्यक्रम पूर्ण रूपमा अनलाइनबाट सञ्चालन गरिनेछ । One&All को टोलीले तपाईंलाई अनलाइन प्लेटफर्महरूसँग अभ्यस्त हुन सहयोग गर्नेछ ।

**ALICE भनेको के हो ?**

Asset Limited, Income Constrained, Employed (ALICE सीमित सम्पत्ति, सीमित आय भएका कामदार) को थ्रेसहोल्ड घरपरिवारको जीविका चल्ने बजेटको आधारमा विकास गरिएको एउटा यथार्थपरक मानक हो । यो मानकले आवास, बाल हेरचाह, खाद्यान्न, यातायात तथा स्वास्थ्य सेवा लगायतका घरपरिवारका पाँच आधारभूत आवश्यकताहरूको खर्चको बारेमा अनुमान गर्दछ ।

ALICE को थ्रेसहोल्डमा संघले निर्धारण गरेको गरिबीको स्तर भन्दा धेरै तर सहरमा जीविका धान्न आवश्यक पर्ने आधारभूत खर्च भन्दा कम आय आर्जन गर्ने घरपरिवारहरू पर्छन् । अहिलेको समयमा, मिशिगन मा रहेका 1.66 मिलियन घरपरिवारहरू (43% घरपरिवारहरू) घरपरिवारका आधारभूत आवश्यकताहरू पूरा गर्न असमर्थ छन् । एउटा घरपरिवारको आय घरपरिवारका आवश्यकताहरू पूरा गर्न चाहिने रकम भन्दा कम हुनु पर्छ । यो रकम एकजना वयस्क भएको घरको हकमा $21,000 प्रति वर्ष ($10.52/घण्टा) भन्दा थोरै मात्राले बढी हुन्छ र चार जना सदस्यहरू भएको परिवारको हकमा $61,000 प्रति वर्ष ($30.64/प्रति घण्टा) भन्दा बढी हुन्छ ।

**म One&All कार्यक्रमका लागि उपयुक्त छु कि छुइन ?**

तपाईं ALICE को थ्रेसहोल्डमा वा थ्रेसहोल्ड भन्दा मुनि पर्नुहुन्छ र तपाईंले यी प्रश्नहरूको हो मा उत्तर दिनु भयो भने तपाईं One&All कार्यक्रमका लागि उपयुक्त मानिनु हुन्छ:

- तपाईं नयाँ व्यवसाय सुरु गर्न वा आफ्नो व्यवसायलाई अगाडि बढाउन खोजिरहनु भएको छ ?
- तपाईं आफू जस्तै उद्यमीहरूको समूहहरूको साथमा व्यावहारिक र प्रायोगिक सिकाइ र प्रशिक्षणमा सहभागी हुन उत्सुक हुनुहुन्छ ?
- तपाईं आफ्नो व्यवसायलाई फाइदा पुर्याउने रचनात्मक आलोचना स्वीकार गर्नुहुन्छ ?

हाम्रो टोली आवेदन बुझाउनु अगाडि तपाईंसँग तपाईंको व्यवसायको बारेमा कुरा गर्न सधैँ तयार छ I तपाईं The Fledge का Jerry Norris लाई jerry@thefledge.org वा (517) 230-767 मा वा Refugee Development Center (शरणार्थी विकास केन्द्र) की Erika Brown लाई ebrown@rdclansing.org र 562-290-3660 मा सम्पर्क गर्न सक्नुहुन्छ I

**One&All कस्तो खालका योजनाहरू खोजिरहेको छ ?**

One&All गैरनाफामूलक सहितका सबै उद्योगका योजनाहरूमा इच्छुक छ I

**के मसँग व्यापारसम्बन्धी योजना हुनु जरुरी छ ?**

व्यापारसम्बन्धी योजना जरुरी हुन्छ I तपाईंले हामीलाई तपाईंसँग उत्साह र प्रतिबद्धता छ र तपाईंले केही मात्रामा प्रारम्भिक अध्ययन पूरा गर्नु भएको छ भनेर देखाउनु पर्ने हुन्छ I

**मेरो व्यापारको साझेदार वा सम्पूर्ण टोली कार्यक्रममा सहभागी हुनु जरुरी छ ?**

एकजना संस्थापकले मुख्य व्यक्तिको भूमिका निर्वाह गर्नु पर्दछ र सबै कक्षाहरू, प्रशिक्षणसम्बन्धी बैठक तथा कार्यक्रमहरूमा सहभागी हुनु पर्दछ I सम्भव भएसम्म सबै संस्थापकहरू प्रारम्भिक अन्तर्वार्तामा आउँदा राम्रो हुन्छ I यो तपाईंको व्यवसायको लागि सहयोगीसिद्ध हुन्छ तर कार्यक्रमका अरू बैठकहरूमा व्यवसायका अरू साझेदारहरूको उपस्थिति अनिवार्य गरिएको छैन I

**फ्रेन्चाइज लिएर सञ्चालन भएको मेरो व्यवसायले योग्यता पूरा गर्छ ?**

गर्दैन,  तपाईंको व्यवसाय फ्रेन्चाइच वा अरू राष्ट्रिय व्यवसायमा आबद्ध भएको हुनु हुँदैन I I

**गैरनाफामूलक व्यवसायले योग्यता पूरा गर्छ ?**

गर्छ, गैरनाफामूलक व्यवसायले आवेदनका न्यूनतम आवश्यकताहरू पूरा गरेको खण्डमा कार्यक्रमको योग्यता पूरा गर्छ I

**एकल स्वामित्वमा रहेको वा घरमा आधारित व्यवसायले योग्यता पूरा गर्छ ?**

गर्छ, एकल स्वामित्वमा रहेको वा घरमा आधारित व्यवसायले आवेदनका न्यूनतम आवश्यकताहरू पूरा गरेको खण्डमा कार्यक्रमको योग्यता पूरा गर्छ I

**आवेदन बुझाउने निश्चित समयावधि हुनेछ ?**

हामीले अनुदानको आवेदन जून 30, मङ्गलबारबाट खुल्छ भनेर अपेक्षा गरेका छौं I सबै स्थान नभरिएसम्म आवेदनहरू  स्वीकृत र जाँच गरिनेछ I स्वीकृतिको सम्भावना बढाउन तपाईंले चाँडो गरेर आवेदन बुझाउन प्रयास गर्नु भयो भने राम्रो हुनेछ I

**प्रत्येक समयावधिका लागि कति जना व्यक्तिहरू चयन गरिने छन् ?**

अगस्त 2020 र जुलाई 2022 को बीचमा छ वटा दुई महिने कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक कार्यक्रमले 20 जना व्यक्तिहरूलाई समेट्छ।

**आवेदन कसरी दिन सकिन्छ ?**

आवेदन फाराम [purelansing.com/oneandall](purelansing.com/oneandall) मा विद्युतीय र कागजी ढाँचामा उपलब्ध हुनेछ। कृपया तपाईंलाई आवेदन फाराम भर्न सहयोग चाहिन्छ भने बहुभाषिक सहायता लागि Refugee Development Center ([शरणार्थी विकास केन्द्र]) वा व्यवसायसम्बन्धी सहायताका लागि The Fledge लाई सम्पर्क गर्नुहोस्।

**थप जानकारीका लागि कसलाई सम्पर्क गर्ने ?**

तपाईंलाई फाराम पूरा गर्दा बहुभाषिक सहायता चाहिन्छ भने कृपया Refugee Development Center (शरणार्थी विकास केन्द्र) लाई सम्पर्क गर्नुहोस्। आवेदनको बारेमा अरू कुनै प्रश्नहरू छन् भने कृपया The Fledge लाई सम्पर्क गर्नुहोस्।

**भाषासम्बन्धी सहायता**

Refugee Development Center (शरणार्थी विकास केन्द्र)
refugeedevelopmentcenter.org

Erika Brown
(562) 290-3660
ebrown@rdclansing.org

**व्यवसायसम्बन्धी सहायता**

The Fledge
thefledge.com

Jerry Norris
(517) 230-7679
jerry@thefledge.com

**कार्यक्रमसम्बन्धी साधारण प्रश्नहरू**

Lansing Economic Area Partnership (ल्यानसिङ आर्थिक क्षेत्र साझेदारी)
purelansing.com/oneandall

Anum Mughal
anum@purelansing.com